महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

रम्भा गाउँपालिका

पाल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.स: २०७८।७९
च.न: ७४ मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रम्भा गाउँपालिका, पाल्पा

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थ:
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र गाउँपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८/७९
च.नं. ७४

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,पाल्पा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.३ करोड ८१ लाख २८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३८ लाख ३१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८५ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २७ लाख ४३ हजार र पेश्की बाँकी रु.२९ लाख ७३ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भए तापनि प्रमाण नपुगेकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना एकत्तिस (३१) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्षज्यू र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

रम्भा गाउँपालिका
लेखापरीक्षण प्रतिबेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रम्भा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ९४.१२ वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार १९० जनसंख्या रहेको छ ।

स्थानिय सञ्चितकोष : आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संश्रिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		४३५७२४४०.७	१	**चालु खर्च**		२००८७६५४७.९०
	क) नगद	०.००		२	**पूँजीगत खर्च**		१२४४८२०८०.००
	ख) बैंक	४३११३९४०.७०		३	**वित्तिय व्यवस्था भुक्तानी**		
	ग) धरौटी	४५८५००.००			क) ऋण भुक्तानी		
२	**राजस्व (आन्तरिक आय)**		५८११७२६.२२		ख) ब्याज भुक्तानी		
	क) आन्तरिक राजस्व	९३६७६६७.१२			ग) अन्य भुक्तानी		
	ख) राजस्व बाँडफाँड संघबाट	४४९८५३०३.०४					
	ग) राजस्व वाडफाड प्रदेशबाट	३७५८७५६.०६		४	**लगानी**		
३	**वित्तिय हस्तान्तरण संघ**		२६३७९७०००.००		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	८८१००००.००			शेयर लगानी		
	ख) सशर्त अनुदान	१७३२९७०००.००			अन्य लगानी		
	ग) समपूरक अनुदान	२४०००००.००		५	**धरौटी फिर्ता**		६२४०००.००
	घ) विशेष अनुदान	०.००		६	**जनश्रमदान फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३३४०१०००.००	७	**कोष फिर्ता**		
	क) वित्तिय समानीकरण अनुदान	४१३००००.००		८	**मौज्दात**		३८८९११०८.५२
	ख) सशर्त अनुदान	८००००००.००			क) बैंक मौज्दात	३८८९११०८.५२	
	ग) समपुरक अनुदान	१३०७१०००.००			ख) नगद मौज्दात	०.००	
	घ) विशेष अनुदान	८२०००००.००		९	**शसर्त अनुदान फिर्ता**		३४६२१२२५.००
					ख) संघिय सरकार	३०५८९१९०.००	
					क) प्रदेश सरकार	४०३२०३५.००	०.००
५	**विपद व्यवस्थापन/कोभिड कोष आय**		११५७४४९५.८६	१०	**गत बर्षको बढी अल्या**		
६	**कोलेनिकाबाट प्राप्त**		७७३२०१९१.००	११	**मर्मत कोषबाट खर्च**		१४४७६४५.००
	क) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ३१४०१०११३	५२२४३३.००		१२	**विपद व्यवस्थापन/कोभिड कोष व्यय**		१०४३३७०४.००
	ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ३१४०१०११४	१८०३६३.००		१३	**कोलेनिकाबाट प्राप्त रकम खर्च**		७७३२०१९१.००
	ग) सामाजिक सुरक्षा तथा संरक्षण	६७४१८४००.००			क) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ३१४०१०११३	५२२४३३.००	
	घ) स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम	५९७८९९५.००			ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ३१४०१०११४	१८०३६३.००	
	ङ) कृषि उत्पादन खाद्यय तथा पोषण सुरक्षा कार्यक्रम	३२२००००.००			ग) सामाजिक सुरक्षा तथा संरक्षण	६७४१८४००.००	
७	**मर्मत/विभिन्न कोषतर्फको आय**		३८२४६११.००		घ) स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम	५९७८९९५.००	
८	**विषयगत निकायबाट प्राप्त**		०.००		ङ) कृषि उत्पादन खाद्यय तथा पोषण सुरक्षा कार्यक्रम	३२२००००.००	
९	**धरौटी आय**		३६९७५०.००	१४	धरौटी मौज्दात		२०४२५०.००
१०	**अन्य विविध आय**		०.००	१५	कोष खाताको मौज्दात		३४३१३६८.६८
११	**अन्य विविध आय/plgsp**		३६०९०५.५०		क) विविध कोष खाता	२२९०५७७.००	
					ख) प्रकोप व्यवस्थापन कोष	११४५७५५.८६	
	जम्मा		४९२३३२१२०.२८		**जम्मा**		४९२३३२१२०.२८

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वित्तीय विवरण विश्लेषण	
1.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
2.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.२,०२,१९,६४०.०९/- र पुँजीगत खर्च खातामा रु.३,५१,४४,१९३/- गरी रु.५,५३,६३,८३३.०९/- मौज्दात राखेको पाईयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१२,७०,०४,९४०/- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
3.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
4.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री राधा कुमारी श्रेष्ठ ले मिति २०७६।०३।१० गते रु.३८ करोड २४ लाख ५४ हजार ७९५ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
5.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ	

6. **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

7. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु. हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१.	चालु खर्चतर्फ	२००८७७	४३१३२	६५६०५	९२१४०	६४२५५
२.	पूँजिगत खर्चतर्फ	१२४४८२	२६५६	२३३३०	९८४९६	७८२९८
३.	जम्मा	३२५३५९	४५७८८	८८९३५	१९०६३६	१४२५५३
४.	प्रतिशत	१००	१४.०८	२७.३३	५८.५९	४३.८१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३२,५३,५८,६२७/-निकासा भएकोमा प्रथम चौमासिकमा रु.४,५७,८७,७४४/- अर्थात १४.०८ प्रतिशत, दोश्रो चौमासिकमा रु.८,८९,३५,००७/- अर्थात २७.३३ प्रतिशत र तेश्रो चौमासिकमा रु.१९,०६,३५,८७६/- अर्थात ५८.५९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४,२५,५३,४९०/-अर्थात ४३.८१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

8. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३०७३२८१३.००	११४२३७७८.००	३.५१
२	पूर्वाधार विकास	११८८६३६६२.००	७८९९४६४३.००	२४.२८
३	सामाजिक विकास	३०३३३०४९५	२०२२६०५६०.००	६२.१६
४	बातावरण तथा विकास	०.००	०.००	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	८६३४०००.००	६४३३०२०.००	१.९८
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६४३८६९८२.००	२६२४६४२६.००	८.०७
	जम्मा	**५२५९४७९५२.००**	**३२५३५८४२७.००**	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६२.१६ प्रतिशत र वातावरण तथा विकासमा बजेट विनियोजन तथा खर्च गरेको पाइएन।

9. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.९३,६७,६६७/- राजस्व बाँडफाँड र अनुदानबाट रु.३४,५९,४२,०५९/- समेत रु.३५,५३,०९,७२६/- आम्दानी भएकोमा चालु तर्फ रु.२०,०८,७६,५४७/- र पूँजिगत तर्फ रु.१२,४४,८२,०८०/- समेत रु.३२,५३,५८,६२७/- खर्च भएको

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.८८ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.०७ प्रतिशत चालु र ३५.९३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
10.	**लक्ष्य प्रगतिः** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।	

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	१९५	१	३	८	१८३

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
11.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
12.	**वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।	

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
५	५	१	४

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
13.	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	व्यवस्था नभएको
पञ्जिकरणतर्फ	
जन्मदर्ता	६५९
मृत्युदर्ता	२०२
बसाईसराई दर्ता	९०
विवाह दर्ता	२२४
सम्बन्धविच्छेद दर्ता	६
पूर्वाधार विकास सडक निर्माण	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>छैन</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>छैन</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>२० कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>छैन</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>14.</td><td>योजना छनौट र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>१०२</td><td>४९</td><td>१९</td><td>१२</td><td>१२</td><td>१९४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख मुनि देखि १०लाख भन्दा बढी सम्मको जम्मा १९४ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>15.</td><td>कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, ३७ कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।जसमध्ये ८ वटा कानूनहरु मात्र राजपत्रमा प्रकाशन गरेको छ। तसर्थ बाँकी कानूनहरु पनि राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>16.</td><td>न्यायीक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष कुल ९ विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>17.</td><td>आन्तरिक लेखापरीक्षण- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>18.</td><td>आन्तरिक लेखापरीक्षण शाखाः प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

पदाधिकारी सुविधा

19. **स्वकीय सचिव र सल्लाहकार**- लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका प्रमुखको स्वकीय सचिवका रुपमा खरिदार स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री विजय रानाभाट लाई नियुक्त गरी मासिक रु.२५,०००/- का दरले रु.३,००,०००/- भुक्तानी भएको छ ।

20. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.४९,८१,२७८/- सुविधा वापत भुक्तानी भएको छ ।

सि. नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ५ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य १५ जना	जम्मा
१	बैठक भत्ता	-	-	-	-	-	-
२	यातायात खर्च	-	-	-	३६००००.००	४२००००.००	७८००००.००
३	टेलिफोन,मोबाइल	३५०००.००	३००००.००	१५००००.००	१८००००.००	३५००००.००	७४५०००.००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	४००००.००	४००००.००	१५००००.००	१८००००.००	२८००००.००	६९००००.००
५	अतिथि सत्कार	६००००.००	५००००.००	२०००००.००	-	-	३१००००.००
६	जनसम्पर्क विषेश कार्य सुविधा	१०००००.००	८००००.००	३०००००.००	३०००००.००	४२००००.००	१२०००००.०
७	खानेपानी तथा सरसफाई	५००००.००	५००००.००	१०००००.००	-	-	२०००००.००
८	मर्मत संभार र विधुत उर्जा	५००००.००	५००००.००	१०००००.००	-	-	२०००००.००
९	चाडपर्व खर्च	१५०००.००	१५०००.००	६००००.००	६००००.००	९८०००.००	२४८०००.००
१०	श्रावण र भाद्र महिनाको						६०८२७८.००
	जम्मा						४९८१२७८.००

21. **विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस विविधतर्फ मात्र रु.६,५१,०९५/- खर्च गरेको छ ।

अनुदान फिर्ता, वितरण र उपयोग

22. **अनुदान फिर्ता–** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु.३,४६,२१,२२५/- मध्ये संघ तर्फको रु.३,०५,८९,१९०/- असोजमा र प्रदेश तर्फको रु.४०,३२,०३५/- भदौमा फिर्ता गरेको देखियो । तर्सथ, खर्च नभइ बाँकी रहेको रकम असार मसान्तमा नै फिर्ता गर्नु पर्दछ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१७३२९७०००.००	१४२७०७८१०.००	३०५८९१९०.००
	समपुरक	२४०००००.००	२४०००००.००	०.००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

प्रदेश सरकार	शसर्त	८००००००.००	६१२१४७५.००	१८७८५२५.००
	विषेश	८२०००००.००	७८५९००२.००	३४०९९८.००
	समपुरक	१३०७१०००.००	११२५८४८८.००	१८१२५१२.००
	जम्मा	२०४९६८०००.००	१७०३४६७७५.००	३४६२१२२५.००

23. **महोत्सव तथा अन्य खर्च**- स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष एक वटा महोत्सव कार्यमा रु.२,५९,०११/- खर्च गरेको छ ।

भौ.नं./मिति	विवरण	रकम
१०५-०७६/८/२६	कालिगणडकी महोत्सव समारोह समिति	२५९०११.००

24. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । (रु.हजारमा)

कुल निर्माण खर्च	सोझै खरिद		सिलबन्दी दरभाउपत्र		बोलपत्र		तेश्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
४३७२	-	-	-	-	१	४३७२	-	-

25. **सवारीसाधन खरिद**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्र सवारि साधन खरिदमा खरिदमा रु.६,०४,०००/- बजेटबाट खर्च गरेको छ

सि.नं	भौ.नं./मिति	सवारी साधन	आपूर्तिकर्ताको नाम	संख्या	रकम
१	३२२-०७७/३/२५	यमाहा एफ जेड	ज्ञानेन्द्र अटो वर्कस्	१	३०९०००.००
२	७-०७६/७/१७	यमाहा एफ जेड	ज्ञानेन्द्र अटो वर्कस्	१	२९५०००.००
		जम्मा		२	६०४०००.००

कर दस्तुर एवं आन्तरिक आय

26. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५१,१५,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.९३,६७,६६७/- अर्थात अनुमान भन्दा ८३.१४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

27. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२२०८२७३९१.००	९३६७६६७.००	४.४२

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.४२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>28.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>४०००००.००</td><td>३१२८८०.००</td><td>७८.२२</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>५००००.००</td><td>१९८८३०.००</td><td>३९६.६६</td></tr>
<tr><td>व्यवसाय कर</td><td>५०००००.००</td><td>६६२२७.००</td><td>१३.२५</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>३००००.००</td><td>२१३३९८.००</td><td>७११.३३</td></tr>
<tr><td>जम्मा</td><td>९८००००.००</td><td>७९१३३५.००</td><td>८०.७४</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>29.</td><td>गिट्टी, ढुंगा, बालुवाको करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>30.</td><td>राजश्व अभिलेख ः कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>31.</td><td>राजश्व दाखिलाः आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडा र पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
	आयकर एवं मू.अ.कर	

32. **अग्रिम कर कट्टी नगरेको**

(१) आयकर ऐन,२०५८ को दफा ८९ (३"क") मा उपभोक्ता समिति मार्फत काम गराउने गरि गरिएको ५० लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा १.५% कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न उपभोक्ता समितिलाई रु.५० लाख भन्दा बढी भुक्तानी गर्दा उपभोक्ता समितिलाई कर कट्टा नगरि भुक्तानी गरिएकोले उपभोक्ता समितिबाट कर असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु. २४६९७४

भौ .नं./मिति	उपभोक्ता समितिको नाम	खर्च रकम	कर रकम
	गाउँपालिका पूँजिगत		
३८३-०७७/३/३०	ओम भञ्जयाङ सुरुम डाँडा पिपर्दी मस्याङ बैरादी स्वलेक पन्टार मो.बा.उ.स.	८२३२५००.००	१२३४८७.००
३४६-०७७/३/२८	लसुने ओम भन्जयाङ्ग मो.बा.उ.स.	८२३२५००.००	१२३४८७.००
	जम्मा रकम	१६४६५०००.०	२४६९७४.००

(२) **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. २९४९६

भौ.नं./मिति	भुक्तानी पाउनेको नाम	भुकेतानी रकम	करको दर	कर रकम	कट्टी गरेको	असुल गर्नुपर्ने
गाउँपालिका पूँजिगत तर्फ						
६-०७६/६/१२	रिलायन्स इन्फोटेक प्रालि	१२७०००.००	१.५%	१६८६.००	-	१६८६.००
संघिय सरकार पूँजिगत						
३-०७६/१०/१७	इन्द्रेणी समाज केन्द्र नेपाल	७७४००.००	१५%	११५१०.००	-	११६१०.००
प्रदेश सरकार चालु						
१२-०७७/३/०२३	IT अफिसर सुरज पाठक	६००००.००	१५%	९०००.००	९००	८१००.००
	MIS अपरेटर सुरेन्द्र अर्याल	६००००.००	१५%	९०००.००	९००	८१००.००
	जम्मा रकम					२९४९६.००

33. **मूल्य अभिवृद्धि कर**- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (ग) मा ठेक्का सम्झौता वा करार अन्तर्गत भुक्तानिमा मु.अ. कर रकमको ५० प्रतिशत सम्बन्धीत राजश्व शिर्षकमा र वाकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५०% रकम रु.५,०६,४६७/- कट्टी गरी राजश्व दाखिला नगरि फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ, उक्त रकमको कर समायोजन प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. ५०६४६७

भौ.नं./मिति	भुक्तानी पाउनेको नाम	बिजक नं./मिति	भुक्तानी रकम	मु.अ.कर रकम	५०% रकम
		गाउँपालिका पूँजिगत			
४-०७६/६/१०	सुविधा ट्रेडर्स	७५,७९-०७६/४/२३	३१३९६७.००	३४५३०.००	१६२६५.००
६-०७६/६१२	रिलायन्स इन्फोटेक प्रा.ली.	३९-०७६/५/२६	१२७०००.००	१४६१०.००	७३०५.००
७-०७६/७/१७	ज्ञानेन्द्र अटो वर्कस	२९०-०७६/६/२३	२९५०००.००	३३९३८.००	१६९६९.००
८-०७६/८/५	सुत्र आइटी कन्सल्ट प्रा.ली.	२३-०७६/८/३	१०१३२७.००	११६५७.००	५८२८.००
९-०७६/८/९	एभरेष्ट ट्रेड लिंक	७-०७६/७/४	२१०४०६.००	२४२०७.००	१२१०३.००
१६३-०७७/२/११	एभरेष्ट ट्रेड लिंक	३०-०७६/११/२३	२४८१४८.००	२८५४८.००	१४२७४.००
		२९-०७६/११/२२	१७६८४५.००	२३०४५.००	१०१७२.००
१७१-०७७/२/१५	राम जानकी मेशिन एण्ड टुल्स	५९५-०७६/११/२१	२४९७३०.००	२८७३०.००	१४३६५.००
१७२-०७७/२/२२	अष्टदिप एग्रो इन्जिनियरिङ	९८-०७६/११/२१	४९९४६०.००	५७४७०.००	२८७३५.००
१७३-०७७/२/२२	एभरेष्ट ट्रेड लिंक	३६-०७७/१/१९	४९९५००.००	५७४६४.००	२८७३५.००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१७४-०७७/२/२२	स्कोपिक इन्जिनियरिङ कन्सल्टेन्सि	१-०७६/११/१९	४९९२३४.००	५७४३४.००	२८७१७.००
१७५-०७७/२/२२	लाँलिगुरास इन्जिनियरिङ कन्सल्टेन्सि	४-०७६/११/१८	४९९४६०.००	५७४६४.००	२८७१७.००
१८८-०७७/२/२७	अविक मेडिकल सप्लायर्स	११-०७७/१/१८	३९६६९६.००	२१६३८.००	१०८१९.००
१८९-०७७/२/२७	अविक मेडिकल सप्लायर्स	२३-०७७/२/१२	५०००००.००	१६८८६.००	८४४३.००
१९१-०७७/२/२८	श्रीनगर फर्निभर	४१-०७६/१२/५ ४३-०७६/१२/८	२३७५७२.००	२७३३२.००	१३६६६.००
२७१-०७७/३/१८	सीताकुण्ड आइटी एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी	५-०७७/३/१४	२९८२५८.००	३४३१२.००	१७१५६.००
२७२-०७७/३/१८	ड्रिम डेभलपर्स प्रा.लि.	९-०७७/३/१४	२९९६७६.००	३४४७६.००	१७२३८.००
३२२-०७७/३/२२	ज्ञानेन्द्र अटो वर्कस	८९२-०७७/३/२२	३०९९००.००	३५६५२.००	१७८२६.००
३२४-०७७/३/२५	लक्ष्मी मोटर पार्टस	३२४-०७७/३/२५	१२३४९४.००	१४२०७.००	७१०३.००
३४७-०७७/३/२८	भुमे सिभिल एण्ड आर्किटेक इन्जिनियरिङ सर्भिसेज	८-०७७/३/२५	२५००००.००	२८७६१.००	१४३८०.००
३६०-०७७/३२९	आश्रम इन्जिनियरिङ कन्सल्टयान्ट	४-०७७/३/२४	२८४१९५.००	३२६९५.००	१६३४७.००
३६६-०७७/३/२९	श्री सिद्धबाबा कम्प्युटर्स	७९४,७९५-०७७/३/२२	४५८५८६.००	५२७९०.००	२६३९५.००
प्रदेश सरकार पूँजिगत तर्फ					
८-०७७/२/२२	सुदृष्टी कन्सट्रक्सन सप्लायर्स एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि.	४-०७६/११/२०	३१८६६०.००	३६६६०.००	१८३३०.००
संघिय सरकार पूँजिगत					
१५-०७७/३/२४	आइ.टि. जक्सन मल्टिसर्भिस प्रा.लि.	१८४-०७७/३/१४	३७७५००.००	४३४२९.००	२१७१४.००
१७-०७७/३/२७	आइ.टि. जक्सन मल्टिसर्भिस प्रा.लि.	१८२-०७७/३/१२	३७७५००.००	४३४२९.००	२१७१४.००
१८-०७७/३/२४	आइ.टि. जक्सन मल्टिसर्भिस प्रा.लि.	१७७-०७७/३/५	२६२५००.००	३०१९९.००	१५०९९.००
प्रदेश सरकार हस्तान्तरित					
६-०७७/२/२७	सुविधा ट्रेडर्स	८३५-०७७/२/१९	२९७४८३.००	३४२२३.००	१७१११.००
१२-०७७/३/११	सिद्धार्थ सप्लायर्स	१५-०७७/३/११	३९३६१९.००	४५२८३.००	२२६४१.००
१९-०७७/३/२८	अर्याल हार्डवेयर सेन्टर	७२८-०७७/३/२२	४९२०००.००	५६६०१.००	२८३००.००
	जम्मा रकम				५०६४६७.००

उपभोक्ता समिति मार्फत कार्य

34. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

35. **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
36.	**हेभी इक्विपमेण्टको प्रयोग–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर, बिटुमिन डिस्ट्रब्युटर, बिटुमिन ब्वाइलर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको र सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने ब्यवस्था छ । गाउँपालिकाद्धारा उपभोक्ता समिती मार्फत सडक निर्माण तथा मर्मत सुधार सम्बन्धी काममा तपसिल अनुसार देखिन आएको छ। (क) लेखापरीक्षणमा पेश भएका ड्रईङ्ग डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य हो भनी खुल्ने आधार प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिकबाट त्यस सम्बन्धि सिफारिस भएको देखिएन। (ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्राही समुदायालाई कार्य गराउनको लागि पूर्व शर्तको रुपमा राखेको दिगोपना अभिवृद्धि लगायत विकास कार्यक्रमको वातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेस गर्ने सैद्धान्तिक परिवेशमा भारी उपकरणको प्रयोग बढ्दै जाँदा समग्र प्राकृतिक वातावरण क्षति हुने जोखिम देखिन आउँछ। अर्कोतर्फ सोही दफामा परिकल्पना गरेको रोजगारी श्रृजना सम्बन्धी अवधारणा पनि संकट परेको देखियो । (ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट काम गराउन सकिने छैन भनि स्पष्ट उल्लेख छ।त्यस्तै नियम ९७ (१३"क") मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै पनि काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने स्पष्ट व्यवस्था छ।पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भरपाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन प्रयोग गर्ने गरि लागत अनमान तयार गर्ने गरेको र उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराएको देखियो।उपभोक्ता समितिले स्थानिय श्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यवसायी मार्फत काम गराउँदा परोक्ष्य रुपमा ठेक्कापट्टा भएको स्थिति छ। यसमा नियन्त्रण हुनु पर्दछ।उपभोक्ता समितिले पालिकासँग निर्माण कार्यको सम्झौता गरि निम्न निर्माण व्यवसायीबाट काम गराएको छ।	

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	निर्माण व्यवसायीको नाम	विल रकम
गाउँपालिका पूँजिगत तर्फ				
२३-०७६/९/२५	सहिद खोला लम्वाट मो.बा.उ.स.	९२५०००.००	कार्की ब्रदर्स कन्सट्रक्सन	७०१९८२.००
२७-०७६/९/२६	आपर डाँडा खानी खोला मो.बा.उ.स.	२७७५००.००	कार्की ब्रदर्स कन्सट्रक्सन	२९९७०१.००
३१-०७६/९/२९	रिपवारी छिसखोला घुचिस कृषि सडक उ.स.	२०८१२५.००	कार्की ब्रदर्स कन्सट्रक्सन	२१००१०.००
३५-०७६/१०/६	कुवादी रिमिघा ओकेदी मो.बा.उ.स.	४६२५००.००	कार्की ब्रदर्स कन्सट्रक्सन	५००४५०.००
४२-०७६/१०/२६	छापडाडा घोडसिङ छापडाडा मो.बा.उ.स.	४६२५०.००	आगाहा खोला निर्माण सेवा	४७४६०.००
४८-०७६/१०/२६	व्यादी मो.वा.उ.स.	१३८७५०.००	कार्की ब्रदर्स कन्सट्रक्सन	१५०००७.००
६०-०७६/११/११	वगनास निकिचौर मो.बा.उ.स.	९२५००.००	आगाहा खोला निर्माण सेवा	९२६६०.००
६७-०७६/११/१२	घोवादी गावुडाडा मो.बा.उ.स.	३७००००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	४०००२०.००
७७-०७६/११/२७	घोडसिङ खोला लेक खावा भञ्ज्याङ मो.बा.उ.स.	९२५०००.००	आगाहा खोला निर्माण सेवा	९२६६००.००
७८-०७६/११/२७	झोकेदी रजाय मो.बा.उ.स.	१८५०००.००	कार्की ब्रदर्स कन्सट्रक्सन	१७००१०.००
१५५-०७७/२/६	बेलपानी मौलागर झेस्काङ मो.बा.उ.स.	४६२५००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	४१८५१८.००

दफा	भौ.नं., मिति र ब्यहोरा					बेरुजू रकम
	१७९-०७७/२/२५	सुमरडाडा थुम्का किटेनी मो.बा.उ.स.	३७००००.००	डि.वि.वाई. कन्सट्रक्सन एण्ड सप्लायर्स	३९९७०८.००	
	१८४-०७७/२/२७	गौराथोक खानिखोला लुच्चागैरा मो.बा.उ.स.	१८५०००.००	कार्की ब्रदर्स कन्सट्रक्सन	१८५५०३.००	
	२०२-०७७/३/२	सहरी खोला लम्वार मो.बा.उ.स.	३७००००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	४०९३११.००	
	२०३-०७७/३/२	साट्टी वैरादी मो.बा.उ.स.	२३१२५०.००	रिभरसाइड कन्सट्रक्सन प्रा.लि.	२७१२००.००	
	२२३-०७७/३/१२	थानकुन मो.बा.उ.स.	२७७५००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	२५२९५०.००	
	२४४-०७७/३/१५	झोकेदी गाडाचौर मो..बा.उ.स.	१८५०००.००	डि.वि.वाई. कन्सट्रक्सन एण्ड सप्लायर्स	२१०१८९.००	
	२६४-०७७/३/१७	हाकडाडा टिस्कुन मो.बा.उ.स.	९२५००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	१०९८३६.००	
	२८१-०७७/३/२१	घ्याङसिङ पोखरा रैया मोबाउस	४६२५००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	५२०८८४.००	
	३००-०७७/३/२३	भिमाद मस्याम रेश्मी टोल डम्वरवास मो.बा.उ.स.	३४२९५०.००	रिमिघा निर्माण सेवा प्रा.लि.	३६८४६०.००	
	३०४-०७७/३/२४	खोलाखेत मो.बा.उ.स.	४६२५००.००	रिभरसाइड कन्सट्रक्सन प्रा.लि. पोखरेल कन्सट्रक्सन	४५७६५०.०० ६०१६१.००	
	३०५-०७७/३/२३	कराम्दी खोला सेर्कावास मो.बा.उ.स.	९२५०००.००	कुसल कन्सट्रक्सन	५६७२६०.००	
	३१७-०७७/३/२४	लिलमुनी घाम मो.बा.उ.स.	३७००००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	२७५९४६.००	
	३२७-०७७/३/२६	देउरालीदेखी मलेङ सम्म मो.बा. विस्तार योजना उ.स.	३७००००.००	कार्की ब्रदर्स कन्सट्रक्सन	२४९९६५.००	
	३२८-०७७/३/२६	टिस्टिन गरुगा मा.बा. योजना उ.स.	२७७५००.००	रिमिघा निर्माण सेवा प्रा.लि.	२७८६५८.००	
	३३५-०७७/३/२७	धोबादी मर्सिडाडा मिलनचोक मो.बा.उ.स.	७४००००.००	कार्की ब्रदर्स कन्सट्रक्सन	५७२२१७.००	
	३३६-०७७/३/२७	खोलाखेत सेजुगाउ मो.बा.उ.स.	१३८७५००.०	पोखरेल कन्सट्रक्सन	१५०००७५.०	
	३३८-०७७/३/२७	भिमाद लोरेङ पाडेकोट मो.बा.उ.स.	१८५००००.०	आगाहा खोला निर्माण सेवा	९२४३४०.००	
	३३९-०७७/३/२७	चपारी खानीखोला गरुडाडा मो.बा.उ.स.	२०८१२५.००	डि.वि.वाई. कन्सट्रक्सन एण्ड सप्लायर्स	२०००३१.००	
	३४०-०७७/३/२८	धाराखोला कृषि सडक उ.स.	१३८७५०.००	डि.वि.वाई. कन्सट्रक्सन एण्ड सप्लायर्स	१३८६७१.००	
	३४६-०७७/३/२८	लसुने ओम भञ्जयाङ मो.बा.उ.स.	८२३२५००.००	कार्की ब्रदर्स कन्सट्रक्सन आगाहा खोला निर्माण सेवा रिमिघा निर्माण सेवा	१४९३४८७ ३८०५३८८ १८२९९९९	
	३५७-०७७/३/२८	कोषढुङ्गा फुरुङदी मो.बा.उ.स.	१८५००००	प्रसिद्धी इन्फ्रा	१११२४६२	
	३८०-०७७/३/३०	झेस्काङ गावुडाडा मो.बा. योजना उ.स.	८३२५००.००	रिमिघा निर्माण सेवा	५५६६१५.००	
	३८६-०७७/३/३०	ओम भञ्जयाङ सुरुमडाडा पिपर्दि पन्टार मो.बा.यो.उ.स.	८२३२५००	पोखरेल कन्सट्रक्सन कार्कि ब्रदर्स कन्सट्रक्सन	४९००२४५ ४४४२०१४	
		जम्मा रकम	**३२४८६७००**		**३००१०६४३**	
	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ					
	४-०७७/३/१५	घ्याङसिङ पोखराधाम आगिडाडा व्यादी सडक स्तरोन्नती उ.स.	१८५००००	माडी वगनास सप्लायर्स रिमिघा निर्माण सेवा प्रा.लि.	५६४०२८ १२८७७४८	
		कुल जम्मा रकम	**३४३३६७००**		**३१८६२४१९**	

(क) मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ "ग" मा ठेक्का सम्झौता वा करार अन्तर्गत भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५०% कट्टा गरि निजको नामबाट सम्बन्धीत राजश्व शीर्षकमा जम्मा गरि बाँकी रहने कर रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले सडक निर्माणको कार्य उपभोक्ता समितिलाई दिने र उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गराउँदा उपभोक्ता समितिले मुल्य अभिवृद्धि कर वापत ५०% कट्टा गरेको छैन। साथै पालिकाले उपभोक्ता समितिले पेश गरेको कर विजक अनुसार मूल्य अभिवृद्धि कर उपभोक्ता समितिले कट्टा गरिनु पर्नेमा कट्टा नगरेको कारण नेपाल सरकारलाई अग्रिम रुपमा प्राप्त हुने राजश्वबाट बञ्चित भएको अवस्था छ।पालिकाले सडक निर्माण गर्ने कार्य उपभोक्ता समितिलाई दिई उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराउँदा मुल्य अभिवृद्धि

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कर समेत रु.३,१८,६२,४१९/-को विजक संलग्न गरेको अवस्था छ। उक्त विजकबाट मुल्य अभिवृद्धि कर रु.३६,६५,५८८/- मा नियमअनुसार ५०%ले हुने रु.१८,३२,७९४/- नेपाल सरकारलाई अग्रिम रुपमा प्राप्त हुन बञ्चित भएको अवस्था छ। अतः उपभोक्ता समितिले नियमानुसार कट्टी गरेको प्रमाण पेश गराउने अन्यथा पालिकाले मुल्य अभिवृद्धि कर कट्टा गरि मात्र भुक्तानी गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
37.	**उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश गरी रु.१ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिलाई दिन सकिने र लागत अनुमानमा रहेको मुल्य अभिवृद्धिकर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्ने व्यवस्था छ। पालिकाले मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी समावेश गर्दा रु.१करोड भन्दा बढी हुने निर्माण कार्यको लागत अनुमान तयार गर्दा मुल्य अभिवृद्धिकर, ओभरहेड र कन्टिन्जेन्सी समावेश नगरि रु.१ करोड भित्र लागत अनुमान तयार गरि उपभोक्ता समितिसँग सम्झौता गरि कार्य गराएको पाइयो। सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरित हुने गरि निर्माण कार्य उपभोक्ता समितिबाट नगरि प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरि बोलपत्रको माध्यमबाट हुनु पर्दछ। सार्वजनिक खरिद नियमावली विपरित लागत अनुमान तयार गरि उपभोक्ता समितिले काम गर्ने सिमा भन्दा बढी कार्य गराई भुक्तानी दिएको नियम संगत नदेखिएको रु.	१६४६५०००

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान	जनसहभागिता रकम	पालिकाले व्यहोर्ने रकम	कार्यसम्पादन रकम	पालिकाले व्यहोर्ने रकम
गाउँपालिका पूँजिगत							
३८६-०७७/३/३०	ओमभञ्ज्याङ सुरुमडाडा, पिपरि मस्लाङ बैरादी स्वलेक पन्टार मोबाउस	मोटरबाटो निर्माण	९३०२३४५	१०६९८४५	८२३२५००	९३४१७९७	८२३२५००
३४६-०७७/३/२८	लसुने ओमभञ्ज्याङ मोबाउस	मोटरबाटो निर्माण	९२५१६२७	१०१९१२७	८२३२५००	९२७५७५५	८२३२०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
38.	**जनश्रमदानः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.	३४७८३४

भौ.नं./मिति	उपभोक्ता समितिको नाम र काम	सम्झौता रकम	पालिकाले व्यहोर्ने रकम	कार्यसम्पन्न रकम	पालिकाले व्यहोरेको रकम	अनुपातिकले व्यहोर्नुपर्ने रकम	असुल गर्नेपर्ने रकम
गाउँपालिका पूँजिगत तर्फ							
९०-०७६/११/२९	किटेनी वेलौजी हुँगी सेजु मो.बा.उ.स.	८३८१४१.००	७४००००.००	८३०३७५.००	७४००००.००	७३३१४३.००	६८५६.००
२०२-०७७/३/२	सहदी लम्भार मो.बा.उ.स.	४१८२०९.००	३७००००.००	४१४६१०.००	३७००००.००	३६६८१६.००	३१८४.००
३०६-०७७/३/२४	रम्भादेवी मन्दिर पुजारी आवास ताहु उ.स.	६६८२२७.००	५८५०००.००	६५०७३१.००	५८५०००.००	५६९६८३.००	१५३१७.००
३३५-०७७/३/२७	धोवादी मोसिडाडा लिन्मुनी मिचनचोक मो.बा.उ.स.	८३२१७७.००	७४००००.००	८२९२१५.००	७४००००.००	७३७३६६.००	२६३४.००
३४८-०७७/३/२८	अमराइ खानेपानी योजना उ.स.	५६४५०५.००	४८७५००.००	५५११११.००	४८७५००.००	४७५९३३.००	११५६७.००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

३५४-०७७/३/२८	लाङघाली प्रगतिशिल युवा क्लव भवन मर्मत उ.स.	१०९८०९३.००	९७५०००.००	१०९४२३६.००	९७५०००.००	९७१५७५.००	३४२५.००
प्रदेश सरकारबाट पूँजिगत							
११-०७७/३/२६	माथिल्लो घोडसिङ खा.पा.योजना उ.स.	२२२७८२३.००	१९५००००.००	२२००२९३.००	१९५००००.००	१९२५९०३.००	२४०९७.००
१२-०७७/३/२८	मदेभिर लिफटिङ खा.पा.योजना उ.स.	२२०३५८१.००	१९५००००.००	२१७६३३१.००	१९५००००.००	१९२५८८५.००	२४११४.००
१३-०७७/३/२८	कोषढुङ्गा कुरुङदी मो.बा.उ.स.	३२०२५९४.००	२७७५०००.००	३१२८१८५.००	२७७५०००.००	२७१०५२६.००	६४४७४.००
स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम							
३-०७७/२/२०	सितढुङ्गा लिफ्टिङ खानेपानी तथा सरसफाई उ.स.	३३४४३१७.००	२९२५०००.००	३२५९५६३.००	२९२५०००.००	२८५०८७३.००	७४१२७.००
४-०७७/३/१५	घ्याङसिङ पोखराधाम आगिडाडा व्यादी सडक स्तरोन्नती उ.स.	२२२०३७९.००	१८५००००.००	२०७८७०८.००	१८५००००.००	१७३१९६१.००	११८०३९.००
	जम्मा रकम						३४७८३४

39. **नर्म्सभन्दा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नम्र्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत संचालित योजनाहरु स्वीकृत नर्म्सभन्दा बढी दर/परिमाणको प्रयोग गरी लागत अनुमानको स्वीकृत तथा उपभोक्ता समितिसँग सम्झौता गरेको छ।उपभोक्ता समितिलाई सम्झौताकै दरमा भुक्तानी हुने हुदाँ रु.१,३०,०२०/- बढी भुक्तानी भएको छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु. १३००२०

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कडा माटो परिक्षण (घ.मि.)	दिएको दर	जिल्ला दर	फरक	बढी मुल्याङ्कन	अनुपातिक असुल गर्नुपर्ने
गाउँपालिका पूँजिगत तर्फ							
३३५-०७७/३/२७	धोबादी मार्सिडाडा लिन्मुखि मिचनचोक मोबाउस	४५१४.१	७९.८१	७४.२२	५.५९	२५२३३.००	२२४३८.००
३५७-०७७/३/२८	कोष ढुङ्गा फुरुङदी मोबाउस	१२५३२.८	७९.२०	७४.२२	४.९८	६२४१३.००	५५३१८.००
प्रदेश सरकारबाट पूँजिगततर्फ							
१३-०७७/३/२५	कोष ढुङ्गा फुरुङदी मोबाउस	१२४४१.९०	७९.८१	७४.२२	५.५९	६९५५०.००	६०२६४.००
	जम्मा रकम						१३००२०

40. **कोभिड विशेष कृषि कार्यक्रमः-** कोभिड-१९का कारण भविष्यमा वेरोजगारी बढ्न र दिर्घकालमा खाद्य संकट पर्न सक्ने बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यवसायीक खेती, रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयातलाई घटाई व्यापार घाटामा पनि कम गराउन कोभिड लक्षित व्यवसायीक तरकारी प्रवर्द्धन कार्यक्रम संचालन तथा बैदेशिक रोजगारीमा गई भारत लगायत अन्य देशबाट फर्केका युवाहरुलाई कृषि क्षेत्रमा रोजगारी श्रृजना गरि भविष्यमा आउन सक्ने खाद्य्य संकटको समस्या समाधान गर्न समेत सहयोग पुग्ने उदेश्य राखी विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागि आर्थिक वर्षको अन्त्यमा प्राप्त भएको रु.३२,२०,०००/- वडा कार्यालय मार्फत छनोट गरिएका कृषकहरुलाई वितरण गर्न कृषि सहायक श्रृजना पोखरेलको खातामा जम्मा गरि खर्च लेखेकोमा निम्न व्यहोरा देखियो।

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>(क) पालिकाले सम्बन्धित कृषकहरुको बैंक खातामा सिधै जम्मा नगरि कर्मचारिको खातामा जम्मा गरि कर्मचारिले विभिन्न मितिमा १५६ जनाको बैंक खातामा प्रति व्यक्ती/कृषकलाई रु.१९,७००/-का दरले रु.३०,७३,२००/- जम्मा गरिएको देखियो। अतःपालिकाले यसप्रकारको रकम सम्बन्धीत कृषकको बैंक खातामा सिधै जम्मा गर्ने गर्नु पर्दछ।
(ख) कृषि सहायक श्रृजना पोखरेलले कृषकलाई वितरण गर्न लिइएको रु.३२,२०,०००/-मध्ये निम्न बमोजिम रकम रु.३२,००,३००/-कट्टा गर्दा हुने बाँकी रु.१९,७००/-निजसँग नै रहेको हुदा उक्त रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१५६ जनालाई बैंकमा दाखिला गरेको रु.</td><td>३०७३२००.००</td></tr>
<tr><td>राजश्व खाता नं.१५१११मा दाखिला गरेको रु.</td><td>१२७१००.००</td></tr>
<tr><td>जम्मा रकम</td><td>३२००३००.००</td></tr>
</table>
(ग) पालिकाले यस कार्यक्रमबाट सहयोग पाउनेहरुको विवरण अभिलेख राखि निरन्तरता दिए नदिएको अनुगमन गरिनु पर्दछ ।</td><td>१९७००</td></tr>
<tr><td>41.</td><td><u>स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमः-</u>
लागत अनुमानको दर भन्दा बढी राखी खर्च लेखेको भौ.नं.४-०७७/३/१५,घ्याङसिङ पोखराधाम आगिडाँडा व्यादी सडक स्तरोन्नती उ.स.सँग पालिकाले सडक निर्माण गर्ने कार्यको लागत अनुमान रु.२२,२०,३७३/-मा पालिकाले रु.१८,५०,०००/-र जनसहभागिता रु.३,७०,३७३/-व्यहोर्ने गरि मिति २०७६/१०/२३ मा सम्झौता गरि काम सम्पन्न गरेको प्राविधिक मूल्याङ्कन रु.२०,७८,७०८/-मा पालिकाले रु.१८,५०,०००/-खर्च लेखेकोमा निम्न व्यहोरा देखियो।
(क) पालिकाले लागत अनुमान तयार गर्दा जम्मा माटो काट्ने ३४८९७.९२ घ.मि. को ४५% नरम माटो १५७०४.० घ.मि. को जिल्ला दर ५०.२६ ले रु.१४,३१,०८७/-कडा माटो ५५% ले १९१९३.७७ घ.मि. को जिल्ल दर ७४.५६ ले रु.१४,३१,०८७/- गरि जम्मा रु.२२,२०,३७३/- तयार गरिएको र उपभोक्ता समितिले जम्मा माटो काट्ने कार्य २६९६५.५० घ.मि. गरेकोमा प्राविधिक मुल्याङ्कन गर्दा सम्पूर्ण कार्य कडा माटोले गरि रु.२०,००,८४०/- गरि खर्च लेखेको पाइयो। पालिकाले लागत अनुमान तयार गरि सम्झौता गरिए अनुसार जम्मा माटो काट्ने कार्य २६९६५.५ घ.मि.को ४५% ले हुने १२१३४.४७ घ.मि. को रु.५०.२६/- ले रु.६,०९,८७८/- र बाँकी १४८३१.०३ घ.मि. को रु.७४.५६ ले हुने रु.११,०५,८०१/- गरि जम्मा रु.१७,१५,६७९/-मात्र मूल्याङ्कन गर्नु पर्नेमा बढी मूल्याङ्कन गरिएको रु.२,८५,१६१/- सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई उपभोक्ता समितिबाट सम्झौता अनुसार अनुपातिक हिसाबले असुल गर्नुपर्ने रु.
(ख) उपभोक्ता समितिसँग सम्झौता गर्दा तयार गरिएको लागत अनुमानको आइटमको मात्र काम गराइ भुक्तानी गर्नु पर्दछ। तर लागत अनुमान गर्दा समावेश गर्न छुट गरिएको नाली खन्ने कार्य १२६ घ.मि. को प्रति घ.मि. दर रु.६१८/- ले रु.७७,८६८/- प्राविधिक मुल्याङ्कन गरि भुक्तानी गरिएको छ। अतः सडक निर्माण कार्य गर्दा नाली निर्माण कार्य समावेश गर्न छुट भएको र नाली निर्माण कार्य गर्न आवश्यक भएको प्राविधिक पुष्टयाई बेगर प्राविधिक मुल्याङ्कन गरि खर्च लेखु मनासिब देखिएन। अतःकारण सहित प्राविधिक पुष्टइयाई पेश हुनुपर्ने अन्यथा सम्बन्धित प्राविधिक जिम्मेवार बनाई सम्झौताको अनुपातिक हिसाबले असुल गर्नुपर्ने रु.
(ग) लागत अनुमान तयार गर्दा माटो काट्ने कार्य ३४८९७.९२ घ.मि.को उल्लेख गरि उपभोक्ता समितिसँग सम्झौता गरिएको तर २६९६५.५ घ.मि. को मात्र कार्य भएको अवस्थामा कार्य सम्पन्न तथा प्राविधिक मूल्याङ्कन गरि भुक्तानी दिइएको पाइयो। अतः लागत अनुमानको अनुपातमा ७७.२६% मात्र कार्य गराई कार्य सम्पन्न गरेको पाइयो।</td><td>२३७५९३
६४८७९</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>42.</td><td><u>खरिद गरिएको ग्याविन भन्दा बढी काम देखाइ खर्च लेखेकोः-</u>
भौ.नं.२-२०७७/२/६,किटेनी बेलौजा हुगी ९ स्याजु मोबा निर्माण उस सँग सडक निर्माण कार्यको लागत अनुमान रु.१०,३९,७७१/-मा पालिकाले रु.९,२५,०००/- र जनसहभागिता रु.१,१४,७७१/-व्यहोर्ने गरि मिति ०७७/२/२२ मा सम्झौता भइ निर्माण कार्यको रु.१०,३८,७१०/-प्राविधिक मूल्याङ्कन भै रु.९,२५,०००/-खर्च लेखेको फाटावारी परीक्षण गर्दा उपभोक्ता समितिले आपूर्तिकर्ता अस्मी जाली उद्योगसँग २*१*१ को ४२ थान ग्याविन जाली खरिद गरिएको तर प्राविधिक मूल्याङ्कनमा ८६ घ.मि. ग्याविन जालिमा ढुङ्गा भर्ने कार्य उल्लेख गरिएको हुदा खरिद जालिबाट ८४ घ.मि. को मात्र ग्याविन जालिमा ढुङ्गा भर्ने कार्य गर्न सकिने हुदा बढी उल्लेख गरिएको २ घ.मि. को लागत अनुमान दर रु.५६०३.६७/- ले रु.११,२०७/- को सम्झौता अनुसारको अनुपातिक हिसाबले सम्बन्धित प्राविधिक समेत लाई जिम्मेवार बनाई उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु.
<u>खर्च नभई बचत रकम फिर्ता गर्नुपर्नेः-</u>
आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ मा आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहन आएको रकम संचित कोषमा फिर्ता गर्नुपर्दछ।पालिकाले स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रममा कन्टिन्जेन्सी र मर्मत सम्भारकोष कट्टा गरिएको रु.१,५६,२००/-कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्ने रु.</td><td>९९७०

१५६२००</td></tr>
<tr><td></td><td>सशर्त कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>43.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - शिक्षा नियमावली २०५९, परिच्छेद १५, दफा ७७(१) अनुसार पहाडी जिल्लामा ४५ विद्यार्थिहरुमा १ जना शिक्षक हुने व्यवस्था छ । यस गा.पा को ३७ वटा विद्यालयहरु मध्ये धेरै जसो विद्यालयहरुमा शिक्षक संख्याको आधारमा विद्यार्थी अनुपात ज्यादै न्युन रहेको देखिन्छ। ती विद्यालयहरुमध्ये अनुपातिक रुपमा ज्यादै न्युन विद्यार्थी संख्या भएका विद्यालयहरुलाई भौगोलिक अवस्था समेत विचार गरि मर्ज गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१.</td><td>जनज्योती प्रा.वि. हुँगी</td><td>२</td><td>२</td><td>०</td><td>१७</td></tr>
<tr><td>२.</td><td>अरनिको प्रा.वि. हुँगी</td><td>३</td><td>३</td><td>०</td><td>३४</td></tr>
<tr><td>३.</td><td>भृकुटी प्रा.वि. हँगी</td><td>३</td><td>३</td><td>१</td><td>२५</td></tr>
<tr><td>४.</td><td>माइस्थान प्रा.वि. फोक्सीङ्कोट</td><td>४</td><td>४</td><td>१</td><td>४२</td></tr>
<tr><td>५.</td><td>मंगलादेवी प्रा वि फोक्सिंकोट</td><td>४</td><td>४</td><td>१</td><td>४२</td></tr>
<tr><td>६.</td><td>शंकरनरेश प्रा वि फोक्सिंकोट</td><td>३</td><td>३</td><td>१</td><td>८</td></tr>
<tr><td>७.</td><td>चण्डेश्वरी प्रा वि फोक्सिंकोट</td><td>२</td><td>२</td><td>२</td><td>१४</td></tr>
<tr><td>८.</td><td>नवकिरण प्रा वि हुमिन</td><td>३</td><td>३</td><td>०</td><td>२०</td></tr>
<tr><td>९.</td><td>चण्डेश्वरी प्रा वि हुमिन</td><td>३</td><td>३</td><td>२</td><td>६</td></tr>
<tr><td>१०.</td><td>नवज्योती प्रा वि हुमिन</td><td>३</td><td>३</td><td>०</td><td>३२</td></tr>
<tr><td>११.</td><td>शान्ति प्रा वि हुमिन</td><td>३</td><td>३</td><td>०</td><td>२८</td></tr>
<tr><td>१२.</td><td>जनप्रिय प्रा वि हुमिन</td><td>३</td><td>३</td><td>०</td><td>२४</td></tr>
<tr><td>१३.</td><td>पशुपती प्रा वि ताँहु</td><td>३</td><td>३</td><td>२</td><td>३६</td></tr>
<tr><td>१४.</td><td>सुर्योदय प्रा वि ताँहु</td><td>२</td><td>२</td><td>१</td><td>१५</td></tr>
<tr><td>१५.</td><td>सगरमाथा प्रा वि ताँहु</td><td>३</td><td>३</td><td>०</td><td>२८</td></tr>
</table></td><td></td></tr>
<tr><td>44.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>अनुदानबाट ३७ वटा विद्यालयहरुका २२० जना शिक्षकहरुलाई रु.१०,७०,५०,१३५.१९/- तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>45.</td><td>औषधी खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.८,९६,६९६/- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः-
<table>
<tr><th>भौ.नं./मिति</th><th>आपूर्तिकर्ता</th><th>खर्च रकम</th><th>विवरण</th></tr>
<tr><td>१८८-०७७/२/२७</td><td>अविक मेडिसिन सप्लायर्स प्रा.लि.</td><td>३९६३९६.००</td><td>३४ प्रकारका औषधी</td></tr>
<tr><td>१८९-०७७/२/२७</td><td>अविक मेडिसिन सप्लायर्स प्रा.लि.</td><td>५०००००.००</td><td>८३ प्रकारका औषधी</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>८९६६९६.००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>45.1.</td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।</td><td></td></tr>
<tr><td>45.2.</td><td>आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>45.3.</td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>45.4.</td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँधेको छैन ।</td><td></td></tr>
<tr><td>45.5.</td><td>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको पाइएकोले यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>46.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४० जनालाई रोजगारी उपलव्ध गराई रु.७,६६,९३२/- खर्च गरेको छ । लक्षित वर्गलाई जम्मा ८ दिनको रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>47.</td><td>रोजगार संयोजक रविन मर्हजनलाई आ.व. २०७६/०७७ को सुरु श्रावण देखि नै "रोजगार संयोजकको पदपूर्ती र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६" विपरित मासिक रु.२०००/-का दरले महंगी भता उपलब्ध गराएको रकम निजबाट हुनुपर्ने रु.</td><td>२४०००</td></tr>
<tr><td></td><td>समानीकरण पूँजिगततर्फ</td><td></td></tr>
<tr><td>48.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाख भन्दा माथि रु. २० लाख सम्म सिलबन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ त्यस्तै सोझै खरिद कार्य एक आर्थिक वर्षमा सिमा भन्दा बढिको खरिद गर्न नहुने एवं आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझै खरिदि गर्न नहुने उल्लेख छ।पालिकाले यो वर्ष पूँजिगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार रु.३०,७१,१९६/- को सोझै खरिद गरेको रु.
<table>
<tr><th>आपूर्तिकर्ताको नाम</th><th>भौ.नं./मिति</th><th>बजेट शिर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>एभरेष्ट ट्रेड लिंक</td><td>९-०७६/८/९
३८-०७६/१०/१४
१६३-०७७/२/११
१७३-०७७/२/२२
१५-०७७/३/२८</td><td>गाउँपालिका पूँजिगत
गाउँपालिका पूँजिगत
गाउँपालिका पूँजिगत
गाउँपालिका पूँजिगत
प्रदेश सरकार पूँजिगत</td><td>२१०४०६.००
८९५००.००
४२४९९३.००
४९९५००.००
९४२४२.००</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td></td><td>१३१८६४१.००</td></tr>
<tr><td>आईटी जक्सन मल्टी सर्भिस प्रा.लि.</td><td>१५-०७७/३/२४
१७-०७७/३/२४
१८-०७७/३/२४</td><td>संघिय सरकारबाट पूँजिगत
संघिय सरकारबाट पूँजिगत
संघिय सरकारबाट पूँजिगत</td><td>४७५०००.००
४७५०००.००
२६२५००.००</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td></td><td>१२१२५००.००</td></tr>
<tr><td>सिद्धार्थ सप्लायर्स</td><td>२९१-०७७/३/३०
१२-०७७/३/११</td><td>गाउँपालिका पूँजिगत
प्रदेश सरकार चालु</td><td>१४६४३६.००
३९३६१९.००</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td></td><td>५४००५५.००</td></tr>
<tr><td>कुल जम्मा रकम</td><td></td><td></td><td>३०७११९६.००</td></tr>
</table></td><td>३०७११९६</td></tr>
<tr><td>49.</td><td>नर्म्स भन्दा बढी भुक्तानीः भौ.नं.३८६-०७७/३/३०, सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले स्विकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले ओम भञ्ज्याङ सुरुम डाडा पिपर्दी मस्लाङ वैरादी स्वलेक पन्टार मोटरबाटो निर्माण गर्न माटो तथा चट्टान काट्न जिल्ला दररेट अनुसार निम्न बमोजिम प्रति घ.मि. रु.१०६.६५/- लाग्नेमा रु.१५१.६४/-ले सवै प्रकारको ढुङ्गा माटो काट्ने ६१३४४.९३ घ.मि. को रु.९३,०२,३४५/- लागत अनुमान तयार गरि उपभोक्ता सँग मिति २०७६/१२/९ मा पालिकाले ८२,३२,५००/- र जनसहभागिता रु.१०,६९,८४५/- व्यहोर्ने गरि सम्झौता भइ प्राविधिक मुल्याङ्कन रु.९३,४१,७९७/- गरि पालिकाले रु.८२,३२,५००/- खर्च लेखेको छ। पालिकाले प्रति घ.मि. जिल्ला दररेटको हिसाबमा भन्दा रु.४४.९९/-ले बढी हुने गरि ६१३४४.९३ घ.मि. सवै प्रकारको ढुङ्गा माटो काट्ने कार्यको रु.२७,५९,९०८/- बढी लागत अनुमान तयार भै खर्च लेखेको हुदा सम्झौताको अनुपातमा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>प्रतिशत</th><th>जिल्ला दर</th><th>जिल्ला दर अनुसार प्रतिशत तथा दर</th></tr>
<tr><td>सबै प्रकारको माटो</td><td>४८६०८.७३ घ.मि.</td><td>७९.२३</td><td>७४.२२</td><td>५८.८०</td></tr>
<tr><td>नरम चट्टान</td><td>११६७६.०३ घ.मि.</td><td>१९.०३</td><td>१४८.४३</td><td>२८.२४</td></tr>
<tr><td>कडा चट्टान</td><td>१०६०.१७ घ.मि.</td><td>१.७२</td><td>११४०.५८</td><td>१९.६१</td></tr>
<tr><td>जम्मा</td><td>६१३४४.९३ घ.मि.</td><td></td><td></td><td>१०६.६५</td></tr>
</table></td><td>२४४२४९६</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>50.</td><td>विल बिजक वेगर भुक्तानीः भौ.नं.५-०७६/६/१०, मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर विजक दिनु पर्ने उल्लेख छ। पालिकाले प्राथमिक स्वास्थ्य केन्द्र ताँहुलाई अग्नि इनकर्पोरेटेड प्रा.लि. बाट एम्बुलेन्स खरिद गरेबापत रु.१००६०९३/- भुक्तानी दिएकोमा आपूर्तिकर्तासँग ठेक्का सम्झौता भएको फाइल जारी गरेको बिजक बेगर खर्च लेखेको रु.</td><td>१००६०९३</td></tr>
<tr><td>51.</td><td>खरिद गरिएको ग्याविन भन्दा बढी काम देखाई खर्च लेखेकोः भौ.नं.९०-०७६/११/२९, किटेनी वेलौजी हुँगी सेजु मोटरबाटो उ.स. सँग सडक स्तरोन्नती कार्यको लागत अनुमान रु.८,३८,१४१/-मा पालिकाले रु.७,४०,०००/- र जनसहभागिता रु.९८,१४१/- व्यहोर्ने गरि मिति ०७६/८/३० मा सम्झौता भइ निर्माण कार्यको रु.८,३०,३७५/- प्राविधिक मुल्याङ्कन भै रु.७,४०,०००/- खर्च लेखेको फाँटवारी परीक्षण गर्दा उपभोक्ता समितिले आपूर्तिकर्ता वाइ.पि.इन्जिनियरिङ एण्ड कन्सट्रक्सनसँग ग्याविन बक्स २*१*१ को ५० थान खरिद गरिएको तर प्राविधिक मुल्याङ्कनमा ५५ वटाको रु.५,८९,९३६/- उल्लेख गरि खर्च लेखेकोले खरिद भन्दा बढी प्राविधिक मुल्याङ्कन भएको ५ थान ग्याविन जालिमा ढुङ्गा भर्ने कार्यको रु.५३,६३०/- सम्बन्धित प्राविधिकलाई जिम्मेवार वनाई सम्झौताको अनुपातिक हिसाबमा असुल गर्नुपर्ने रु.</td><td>४७३५०</td></tr>
<tr><td>52.</td><td>पिपलटारी गरुङ्गा जवुवा खानेपानी योजना सम्बन्धमाः पिपलटारी गरुङ्गा जवुवा खानेपानी योजना निर्माण गर्न लागत अनुमान रु.७६,२१,१७०/-मा पालिकाले रु.६७,२७,५००/- र जनसहभागिता रु.८,९३,६७०/- व्यहोर्ने गरि सम्झौता भएको र उक्त कामको प्राविधिक मुल्याङ्कन रु.२६,६६,५९४/- गरि रु.२३,४०,०००/- खर्च लेखेको सम्बन्धमा निम्न व्यहोरा देखियो।
(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा मुल्य अभिवृद्धि कर ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश समावेश गरि रु.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिलाई दिन सकिने व्यवस्था छ। पालिकाले तयार गरिएको लागत अनुमानमा मुल्य अभिवृद्धि कर ओभरहेड र कन्टिन्जेन्सी समावेश गर्दा रु.१ करोडको सिमा भन्दा बढी हुने देखिन्छ। अतः सार्वजनिक खरिद नियमावली विपरित उपभोक्तासँग सम्झौता भएको अवस्था छ।
(ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले कुनै कारणवस समयमा काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सार्वजनिक निकायलाई दिनु पर्ने र त्यसरी सुचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरि सो समिति वा लाभग्राही समुदायसँग सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली वमोजिम गराउनु पर्ने स्पष्ट व्यवस्था छ। उपभोक्ता समितिले सम्झौता गरि मिति २०७६/१२/८ मा भौ.नं.११८ बाट पेश्की रु.२३,४०,०००/- लिई सम्झौता अनुसार काम गर्न सकेको देखिएन। यस अवस्थामा उपभोक्ता समितिले पालिकालाई जानकारी नगराएको र पालिकाले पनि सम्झौता अनुसार काम गराउन पहल भएको देखिएन। पालिकाले उपभोक्ता समितिलाई दिएको पेश्की फर्छ्यौट गर्नको लागि पुन संशोधन लागत अनुमान रु.२६,६६,५९४/- मा पालिकाले रु.२३,४०,०००/- व्यहोर्ने र जनसहभागिता रु.३,२६,५९४/- व्यहोर्ने गरि तयार गरि सोही लागत अनुमान अनुसार प्राविधिक मुल्याङ्कन गरि फरफारक गरेको छ। यसरी फरफारक गर्न तयार गरिएको लागत अनुमान तथा प्राविधिक मुल्याङ्कन अनुसार उपभोक्ता समितिले आपूर्तिकर्ता प्रशन्नट्रेड लिंक एण्ड सप्लायर्ससँग मिति २०७७/३/२४ मा कर विजक नं.१४५ र १४६ बाट रु.२४,२६,२४८/-को पाइप खरिद गरिएको उक्त पाइपको प्राविधिक मुल्याङ्कनमा पाइप खरिद रु.२२,५२,९५६/- अर्थवर्क रु.३,४६,०८०/- र पाइप ढुवानी रु.६७,५८७/- गरि रु.२६,६६,५९४/-उल्लेख गरिएको छ । यस प्रकार उपभोक्ता समितिले सम्झौता अनुसार काम नगरेको अवस्थामा पेश्की फिर्ता माग नगरि लागत अनुमान नै संशोधन गरि पेश्की फर्छ्यौट गरि खर्च लेखेको नियमित नदेखिएको रु.
(ग) उपभोक्ता समितिले आपूर्तिकर्ता ट्रेड लिंक्स एण्ड सप्लायर्ससँग खरिद गरिएको रु.२४,२६,२४८/-को विभिन्न साइजको पाइप २४१५० मिटर प्रयोग भएको प्राविधिक पुष्ट्याई हुनु पर्दछ।
<table><tr><th>पाइपको विवरण</th><th>परिमाण</th></tr></table></td><td>२३४००००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२० एम.एम. HDPE १६ के.जी.</td><td>५३०० मिटर</td></tr>
<tr><td>२५ एम.एम. HDPE १६ के.जी.</td><td>४२०० मिटर</td></tr>
<tr><td>३२ एम.एम. HDPE १६ के.जी.</td><td>२००० मिटर</td></tr>
<tr><td>४० एम.एम. HDPE १६ के.जी.</td><td>२९०० मिटर</td></tr>
<tr><td>५० एम.एम. HDPE १६ के.जी.</td><td>१००० मिटर</td></tr>
<tr><td>३२ एम.एम. HDPE १० के.जी.</td><td>३५०० मिटर</td></tr>
<tr><td>४० एम.एम. HDPE १० के.जी.</td><td>२५०० मिटर</td></tr>
<tr><td>५० एम.एम. HDPE १० के.जी.</td><td>२१०० मिटर</td></tr>
<tr><td>६३ एम.एम. HDPE १० के.जी.</td><td>६५० मिटर</td></tr>
<tr><td>जम्मा</td><td>२४१५० मिटर</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>53.</td><td>कर विजक प्राप्त नगरी खर्च लेखेकोः मुल्य अधिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा वस्तु वा सेवा विक्री गर्दा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले वेस डेभलेपमेन्ट कन्सल्टेन्सी तानसेन (पान नं. ६०६८४२६२)सँग गाउँपालिकाबाट घरधुरी सर्वेक्षणको सुचनाहरुको कम्पयुटरमा प्रविष्टी गर्ने, तथ्याङ्क विश्लेशन गर्ने र तोकिएको ढाँचामा बालबालिकाको बस्तु स्थिति भएको पुस्तक प्रकाशित गर्ने सो को लागि मिति २०७६/११/५मा व्यवस्थापन खर्च रु.१९,३९०/-समेत रु.२,९६,३९०/-को सम्झौता भए अनुसार सो कन्सल्टेन्सीले कर विजक जारी नगरि खर्च गरेको विल विजक संलग्न गरि भुक्तानी माग गरिए अनुसार सम्झौता रु.२,९६,३९०/-मा वहाल कर रु.१,५००/- अ.कर रु.९९०/- पारिश्रमिक कर रु.२९,०९६/- गरि जम्मा कर रु.३१,५८६/- कट्टा गरि रु.२,६४,८०४/-भुक्तानी गरिएकोछ। अतः सेवा प्रदायकबाट जारि भएको कर विजक प्राप्त नगरि खर्च लेखेको साथै आयकर ऐन,२०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा १५% का दरले कर कट्टा गर्नुपर्ने रु.४४,४५८/- मा रु.३१,५८६/- मात्र कट्टा गरिएकोले बाँकी रु.१२,८७२/- वेस डेभलपमेन्ट कन्सल्टेन्सीबाट असुल गर्नुपर्ने रु.</td><td>१२८७२</td></tr>
<tr><td>54.</td><td>खरको छाना विस्थापन कार्यक्रमः भौ.नं.१९८-०७७/३/१,खरको छाना विस्थापित कार्यक्रम अन्तर्गत बोलपत्रको माध्यमबाट रु.४३,७१,९७०/-को हुलास स्टील इण्डस्ट्री लि. बाट ५३० बण्डल जस्तापाता खरिद गरि जिन्सी खाता पाना नं.५८ मा आम्दनी जनाएको देखियो र जिन्सी खातिनपानामा खर्च लेखिएको छैन। फुसको छानो भएकाहरुलाई वितरण गर्न वडा मार्फत वितरणको लागि वडा कार्यालयमा पठाएको जानकारी दिएको छ तर कुन-कुन वडालाई के-कति जस्तापाता वितरण गरिएको हो सो सम्बन्धी प्रमाण कागजात लेखापरिक्षणमा पेश नभएकोले वितरणको प्रमाणको साथै पालिकाले जुन उदेश्यको लागि वितरण गरिएको हो सो अनुसार फुसको छाना विस्थापन गरि जस्तापाता लगाए नलगाएको अनुगमन गरेको प्रतिवेदन समेत पेश गर्नुपर्ने रु.
भौ.नं.३७८-०७७/३/३०,खरको छाना विस्थापन कार्यक्रमको बचत रहेको रकमबाट निम्न बमोजिम पशुफार्महरुलाई अनुदान दिइएको छ। यस प्रकार एक शिर्षकमा व्यवस्था भएको वजेट अर्को शिर्षकमा खर्च गर्ने निर्णय तथा अनुदान प्राप्त गर्ने फर्महरुले अनुदान सदुपयोग गरे नगरेको पालिकाबाट अनुगमन गरि प्रतिवेदन समेत पेश गर्नुपर्ने रु.
<table>
<tr><th>अनुदान प्राप्त गर्ने फर्म</th><th>व्यक्तीको नाम</th><th>रकम</th></tr>
<tr><td>शुभ विहानी भैंसी फार्म</td><td>कृष्ण बहादुर सिंजीली</td><td>१०००००.००</td></tr>
<tr><td>अधिकारी भैंसी फार्म</td><td>विन्दु अधिकारी</td><td>१०००००.००</td></tr>
<tr><td>सिद्व भैंसी फार्म</td><td>भुवन सिंह पुन</td><td>१०००००.००</td></tr>
<tr><td>खनाल भैंसी फार्म</td><td>यामकला खनाल</td><td>१०००००.००</td></tr>
<tr><td>सम्झना भैंसी फार्म</td><td>सर्मिला आचार्य</td><td>१०००००.००</td></tr>
<tr><td>मश्राङ्गी वंगुर फार्म</td><td>पद्यम बहादुर मश्राङ्गी</td><td>५००००.००</td></tr>
<tr><td>रिमिघा हिमइलोक बंगुर फार्म</td><td>चोला बहादुर नेपाली</td><td>५००००.००</td></tr>
<tr><td>पाण्डे बंगुर फार्म</td><td>बिष्णु पाण्डे</td><td>५००००.००</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td>६५००००.००</td></tr>
</table>
</td><td>४३७१९७०
६५००००</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
55.	**भौ.नं.३९४-०७७/३/१** बाट जनता आवास साझेदारी कार्यक्रम अन्तर्गत पालिकाको नीति तथा कार्यक्रम अनुसार लोपोन्मुख बोटे माझीको आवास निर्माण गर्न निम्न व्यक्तीहरुलाई रु.२,९२,५००/-का दरले अनुदान रु.१४,६२,५००/-खर्च लेखेको छ। पालिकाले आवास निर्माण गर्न दिइएको रकमबाट आवास निर्माण कार्य सम्पन्न गरेको प्राविधिक मूल्याङ्कन तथा प्रतिवेदन संलग्न छैन। अतः आवास निर्माण गरे नगरेको अनुगमन प्रतिवेदनको साथै प्राविधिक मूल्याङ्कन समेत पेश गर्नुपर्ने रु.	१४६२५००

नाम	रकम
टिका माया माझी	२९२५००.००
डिल बहादुर बोटे	२९५५००.००
धन बहादुर बोटे	२९२५००.००
संजय बोटे	२९२५००.००
सरस्वती बोटे	२९२५००.००
जम्मा रकम	**१४६२५००.००**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
56.	**कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।	
57.	**सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
58.	**डीपीआर खर्च–** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
कोषेढुङ्गा फुरुङ्दी सडकको डि.पि.आर. तयार गर्ने	सुदृष्टी कन्सट्रक्सन	३१८०००.००	३१८०००.००	
बगचौर खानेपानी योजनाको डि.पि.आर.तयार गर्ने	आश्रम इन्जिनियरिङ्ग कन्सल्टयान्ट	१२१४७५.००	१२१४७५.००	
भिमाद लोरेङ पाडेकोट सडक	सिताकुण्ड आइटी एण्ड इन्जिनियरिङ्ग	२९८२५८.००	२९८२५८.००	
भिमाद वग्चौर फेदी सडक	ड्रिम डेभलपर्स प्रा.लि.	२९९६७६.००	२९९६७६.००	
पिपलटारी गरुङगा जबुव खा.पा.	आश्रम इन्जिनियरिङ्ग कन्सल्टयान्ट	१६२७२०.००	१६२७२०.००	
लसुने ओम भञ्जयाङ देउराली सडक	स्कोपिक इन्जिनियरिङ कन्सल्टेन्सी	४९९२३४.००	४९९२३४.००	
ओम भञ्जयाङ-सुरुम डाडाँ-मस्लेङ खेलाखेत-सोर्लेक-पन्टार सडक	लालिगुरास इन्जिनियरिङ कन्सल्टेन्सी	४९९४६०.००	४९९४६०.००	
लोहराङ-पडेकोट सडक	सीताकुण्ड आई.टी.एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी	२९८२५८.००	२९८२५८.००	
भिमाद-वक्चौर-फेदी सडक	ड्रिम डेभलपर्स प्रा.वि.	२९९६७६.००	२९९६७६.००	
लुप्च पोखरा कभर्डहल	भुमे सिभिल एण्ड आर्किटेक इन्जिनियरिङ सर्भिसेज	२५००००.००	२५००००.००	
जम्माः		३०४६७५७	३०४६७५७	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।	
	समानीकरण चालुतर्फ	
59.	भौ.नं.२१-०७६/०६/१४, करारमा नियुक्त आई.टी. अफिसर सुरज पाठकलाई करार सेवा सम्झौतामा उल्लेख नगरिएको चाडपर्व खर्च बापत रु.३५,९९०/- र भौ.नं. २९२-०७७/०१/२४ मा पोशाक भता रु.१०,०००/- भुक्तानी दिएको निजबाट असुल हुनुपर्ने रु.	४५९९०
60.	**खर्चको प्रमाण पेश नभएको-** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व ऐन,२०७६ को दफा २४(३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजित बजेटको सिमा भित्र रहि रितपूर्वकको कागजात प्राप्त भएपछी भुक्तानी दिनु पर्दछ। त्यस्तै आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च लेख्दा खर्चको विल भरपाईहरुको आधारमा खर्च लेख्नु पर्ने व्यवस्था छ।तर कार्यालयले देहाय अनुसारको खर्च लेखेकोमा खर्च प्रमाणहरु भौचर साथ रहेको देखिएन । अतः खर्चका प्रमाणहरु पेश गर्नुपर्ने रु.	४२७५००

भौ.नं./मिति	शिर्षक	कैफियत	खर्च रकम
२७-०७७/३/३०	प्रदेश सरकार चालु	कुस्माकर पाण्डेले सुनौलो १००० दिनका गर्भवती आमालाई अण्डा वितरण गरेको रु.१,७०,०००/- र प्राविधिक धार तर्फका विद्यालयका अति विपन्न परिवारका छात्र छात्रालाई पोशाक झोला वितरण गर्न रु.२,५०,०००/- गरि ४,२०,०००/- दिएको खर्चको फाँटवारी पेश नभएको रु.	४२००००
२६-०७७/३/२९	प्रदेश सरकार चालु	चापाकोट सामुदायिक विकास केन्द्रलाई प्रशारण प्रमाण तथा विजक वेगर खर्च लेखेको रु.	७५००
	जम्मा रकम		**४२७५००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
61.	**डि.पि.आर.उपभोक्ता समिति मार्फत गराएको:-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई काम गराउन सकिने व्यवस्था रहेको छ।उक्त व्यवस्था अनुसार कुनै पनि योजनाको डि पि आर तयार गराउन सकिने व्यवस्था छैन। पालिकाले उपभोक्ता समितिलाई डि पि आर गर्ने समेतको सम्झौता गरि खर्च गरेको रु.	७६६७०५

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	सम्झौता रकम	पालिकाले व्यहोर्ने रकम	डि.पि.आर.रकम
गाउँपालिका पूँजिगत				
३१०-०७७/३/२४	घाङच खा.पा.उ.स.	७६७२६७.००	६८२५००.००	१६९५००.००
३६३-०७७/३/२९	परेङ गौरा झेस्काङ आर्गिडाडा खा.पा.उ.स.	११२१०५८.००	९७५०००.००	१९७७५०.००
प्रदेश सरकार पूँजिगत				
१०-०७७/३/२२	असर्दी क्रिकेट खेल मैदान निर्माण योजना उ.स.	२१८२७२२.००	१९५००००.००	३९९४५५.००
	जम्मा रकम			**७६६७०५.००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
62.	**भ्रमण खर्चः** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा सम्बन्धमा स्पष्ट हुन सकिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययिता कायम गरि खर्चमा नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
	विपद् व्यवस्थापन	
63.	**कार्य योजनाः**-विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) तथ वपद जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावली २०७६ को नियम ८ मा स्थानिय विपद व्यवस्थापन समितिको काम कर्तव्य अधिकारमा परिषद/कार्यकारी प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानिय विपद व्यवस्थापन योजना तर्जुमा गरि कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने। विपद पूर्व तयारि तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उदार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद सुचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिबृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयार गरि लागु गर्ने,गराउने सम्बन्धी व्यवस्था छ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन। अतःऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।	
64.	**विपद् व्यवस्थापन कोष** —विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको संचालन सम्बन्धी व्यवस्था सम्बन्धी स्थानिय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ।पालिकाले रु.१,१५,७९,४९५.७६/- आम्दनीमा रु.१,०४,३८,७०४/-खर्च गरेको छ।पालिकाले विपद व्यवस्थान र कोभिड-१९ को खर्च छुटिने गरि अभिलेख राखेको छैन।अतः विपद व्यवस्थापन र कोभिड -१९ को लागि खर्च छुट्टिने गरि अभिलेख राखु पर्दछ।	
65.	**वार्षिक प्रतिवेदन—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ,४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
66.	**आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानिय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता,मितव्ययिता ,कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने ,आन्तरिक लेखापरीक्षणको प्रतिवेदन औल्याइएको विषय वस्तुहरु सुधार भए नभएको परिक्षण गर्न तथा आवश्यक कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्दछ र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने उल्लेख भएतापनि पालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी आदेशबाट खर्च गरिने रकमकव मात्र आन्तरिक लेखापरीक्षण भएको छ।पालिकाको अन्य	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कारोबारको आन्तरिक लेखापरीक्षण नभएको पाइयो। आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण गर्ने तथा आवश्यक कारवाही गर्ने लेखापरीक्षण समिति गठन गरेको पाईएन । अत :पालिकाले लेखापरीक्षक समिति गठन गरी आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषय बस्तुहरु सुधार भए नभएको परीक्षण तथा आवश्यक कारवाही गरी प्रमुख समक्ष पेश गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषयवस्तु हरु निम्न छन ।	
66.1.	**ब.उ.शि.नं.३१४०१०११४:** एस.आर. इम्पेक्स प्रा.लि. दरवारमार्ग काठमान्डौ मिति २०७७/३/२२ विल नं. ५४२ बाट भ्याट सहित ८८५००/- गरि जम्मा रु.१७७०००/- को ल्यापटप खरिद गरेकोमा संबन्धित पार्टिलाई भुक्तानी नदिइ भु.आ.नं. १ मिति २०७७/३/२५ मा कार्यालयको इन्जिनियर श्री कविराज सेन्जेलको नाममा रु.१४७३४५/- एसी पेयी चेक जारी गरेको नियम संगत देखिएन।सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा ६.५ प्रतिशत भ्याट कार्यालयले कट्टी गरि भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था भएकोमा कार्यालयले उक्त कानुनको पालना गरेको देखिएन।	
66.2.	**ब.उ.शि.नं.३६५००१०४३:** स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ घ्याङसिङ्ग पोखरा धाम आर्गिडाँडा व्यादी स्तरउन्नती योजना सम्झौतामा संबन्धित वडाको वडा अध्यक्ष र संबन्धित उपभोक्ता समितिको अध्यक्षले गर्ने गरेको।कार्यालयले सिधै आफुले सम्पन्न गर्नुपर्ने योजनामा संझौता गर्दा एका तर्फ प्रमुख प्रशासकिय अधिकृत र अर्को तर्फ संबन्धित उपभोक्ता समिति या निर्माण व्यवसायीबाट गर्नु गराउनु पर्दछ।सबै जसो निर्माण सम्बन्धी कार्यमा प्रमुख प्रशासकिय अधिकृतको संलग्नता देखिएन । कार्यालयले भुक्तानी गरेका विल भरपाईमा प्रमुख प्रशासकिय अधिकृतले प्रमाणित गरि भुक्तानी दिनुपर्नेमा कुनै पनि विलमा विल प्रमाणित गरेको देखिएन ।	
66.3.	**ब.उ.शि.नं.३१४०१०१२३:** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १२ मा सा.सु. भता वितरण तथा अभिलेख भरपर्दो र विश्वसनिय बनाउन अभिलेख व्यवस्थालाई व्यवस्थित गर्ने र विधुतिय माध्यमको प्रयोग गर्ने भनि उल्लेख भएकामा त्यस गाउँपालिकाको सामाजिक सुरक्षा भता वितरण भरपाईमा अभिलेख व्यवस्थित र अध्यावधिक नभएको कारणले कतिपय बसाई सराई भएका र मृत्यु भएकाको विवरण समेत समावेश गरि सा.सु.भता वितरण गर्न पश्की उपलब्ध गराएकोमा लामो समयको अन्तरालमा धेरै रकम फिर्ता गरि पे.फ. गर्ने गरेको देखिएकोले नियमावलीको पूर्ण पालना भएको देखिएन । सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ४ को उपनियम २ को खण्ड "क" र "ख" बाहेकका लाभग्राहीलाई भता उपलब्ध गराउदा सम्बन्धीत व्यक्तिलाई उपलब्ध गराउनु पर्ने भनि उल्लेख भएकोमा हस्तेमार्फत भता उपलब्ध गराएको साथै सा.सु. नियमावली २०७६ को सा.सु. भता वितरण बैङ्क प्रणालीबाट गराउनु पर्ने अनिर्वायता भएकोले यस कोलेनिका बाट समेत सा.सु.भता वितरण कार्य बैङ्किङ प्रणालीबाट गर्ने अनुरोध गर्दा समेत नगदमा नै वितरण गरेको देखिएकोले सा.सु. नियमावली २०७६ अनुसरण र परिपालना गरेको देखिएन ।	
66.4.	**ब.उ.शि.नं.३१२०००१२३:** प्रदेश नं.५ को कोभिड लक्षित व्यवसायीक तरकारी खेति प्रर्वद्धन कार्यक्रममा कोभिड १९ कार्यक्रम सन्चालन निर्देशिका २०७६ अनुसार न्युनतम ४ रोपनी जग्गामा कृषि गर्ने कृषकलाई अधिकतम रु.२००००/- वा कृषक समुहलाई स्विकृत प्रस्तावना अनुसार अनुदान दिने व्यवस्था गरिएकोमा तोकिएको मापदण्ड नपुगेका कृषकहरुलाई समेत रु.२००००/- अनुदान वितरण गरेको देखिएकोले अनुदान वितरण निर्देशिकाको पालना भएको देखिएन।	
67.	**पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ११३ (५) अनुसार आर्थिक वर्षको अन्त्यसम्म पेश्कि फछ्यौंट नभएकोले नियमानुसार असुल फछ्यौंट हुनुपर्ने रु.	२९७३०००

सि.नं.	पेश्की लिनेको नाम	वापत	पेश्की रकम
१.	डुडखोला घाट ट्रसपुल निर्माण उ.स.	झोलुङ्गे पुल निर्माण	२२३०००.००
२.	सुर बहादुर सुनारी	क्वारेन्टिन व्यवस्थापन	२५००००.००

दफा	भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
	३.	लुम्बिनी मेडिकल कलेज	आइसोलेसन सेवा दिन	५०००००.००		
	४.	नेपाल विद्युत प्राधिकरण पाल्पा शाखा	स्टिलपोल खरिद र व्या.	२००००००.००		
		जम्मा रकम		२९७३०००.००		

68\. **<u>कोभिड-१९ तर्फः-</u>**

(१) पालिकाबाट प्राप्त विवरण अनुसार कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनको लागि २०७७ असार मसान्नतसम्म आम्दनी रु.१,१५,७९,४९५.७६/-मा खर्च रु.१,०४,३८,७०४/-भई बाँकी रु.११,४०,७९१.७६/- मौज्दात रहेको देखिन्छ।

बजेट/आम्दनीको श्रोत	०७७ असार मसान्तसम्म प्राप्त रकम	खर्च शिर्षक	०७७ असार मसान्तसम्म खर्च रकम
संघिय संचित कोषबाट	२५६०२५.००	-राहत वितरण	८५२७८०.००
प्रदेश संचित कोषबाट	१००००००.००	-क्वारेन्टिन/होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	१०२०४३७.००
स्थानिय तहको आफ्नै बजेटबाट	८३०१०००.००	-आइशोलेसन केन्द्र निर्माण व्यवस्थान तथा उपचानर	३५१८७७९.००
पूर्वखोला गाउँपालिकाबाट	११४१४७६.७६	-जनशक्ति परिचालन	२७६१०६७.००
अन्य श्रोतबाटद (व्यक्ती तथा संस्थाबाट)	८८०९९४.००	-औषधी एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	१९३८३१७.००
		-अन्य शिर्षकमा भएको खर्च यातायात तथा गाडी भाडा	३४७३२४.००
		-बाँकी मौज्दात	११४०७९१.७६
जम्मा रकम	११५७९४९५.७६		**११५७९४९५.७६**

(क) पालिकाबाट प्राप्त आ.वि. मा आम्दनी रु.१,१५,७४,४९५/- उल्लेख छ । प्राप्त विवरणमा रु.१,१५,७९,४५९.७६/- उल्लेख भएको हुदा आ.वि. र विवरणमा रु.५,०००.०० फरक परेको देखियो।

(ख) पालिकाले शिर्षकगत आम्दनी खर्चको अभिलेख नराखेको कारण उक्त शीर्षकगत आम्दनी खर्च भिडान गर्न सकिने स्थिति छैन। अतः पालिकाले शिर्षकगत आम्दनी खर्चको अभिलेख राखु पर्दछ।

(ग) दैवि प्रकोप तथा विपद तर्फ १० जनालाई राहत वितरण गरेको रु.१,८०,०००/-समेत कोभिड खर्चमा देखाइएको छ।

(घ) गाउँपालिका चालु तर्फबाट ४३ जना कर्मचारीलाई लकडाउन अवधीमा कार्यरत कर्मचारीलाई खाजा खर्च दिएको रकम रु.६,५२,०००/-कोभिड-१९ खर्चमा समावेश गरिएको छैन ।

69\. **जोखिम आंकलन र पूर्व तयारीः-** पालिकाले कोभिड-१९ महामारीको जानकारी पश्चात गर्नुपर्ने पूर्व तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्रिनिङ्ग, समुदायगत स्क्रिनिङ्ग र टेस्टिङ्ग, इमरजेन्सी रेस्पोन्स, टिप परिचालन, क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्बन्धी कार्यहरुको कार्ययोजना तयार गरि कार्य गर्ने गरि कार्ययोजना तयार गरेको छैन। अतः पालिकाले कार्य योजना तयार गरि कार्य गर्नु पर्दछ।

70\. **जोखिम भताः-** नेपाल सरकारद्धारा जारि भएको कोरोना भाइरस कोभिड-१९ को संक्रमणको अनुगमन मुल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तीलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५०% दोश्रो पङ्तीमा खटिएका स्वास्थ्यकर्मी तथा सरसफाई गर्ने कर्मचारीलाई ७५% र अग्र पङ्तीमा खटिएका स्वास्थ्यकर्मिलाई १००% खटाइएको प्रमाण र प्रमाणित हाजिरी अभिलेख अनुसार जोखिम भता दिने व्यवस्था रहेको छ। तर पालिकाले २०७७ चैत्र १० गते आकस्मीक बैठक बसि २४ सै घण्टा खट्नु भएका चिकित्सक, स्वास्थ्य कर्मचारी, सुरक्षाकर्मीहरु र चालकहरुलाइ्र प्रति दिन रु.३५०/-ले लकडाउन अवधिलाई गणना गरि खाजा खर्च दिने निर्णय गरि ०७६ चैत्र १२ देखि ०७७ असारसम्म काम गरेका दैनिक हाजिरी अभिलेख अनुसार प्रशासनिक तर्फको ४३ जना कर्मचारीहरुलाई रु.६,५२,०००/-र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य तर्फका कर्मचारि ५६ जनालाई रु.१९,४७,७५०/-गरि रु.२५,९९,७५०/-खर्च लेखेको छ।

71\. **क्वारेन्टिन र आइसोलेशन व्यवस्थापनः-** पालिकाले ७ वटा विद्यालयमा क्वारेन्टिन/होल्डिङ्ग सेन्टरमा २३३ वेड संख्या क्षमतामा संचालन गरि २०७७ असार मसान्तसम्म क्वारेन्टिनमा ५३३ जना बसेको विवरण प्राप्त भएको छ। त्यस्तै पूर्वखोला गाउँपालिका र रम्भा गाउँपालिकाको संयुक्त आइसोलेशन केन्द्र ताहुमा २५ वेड संख्या क्षमतामा संचालन गरि २०७७ असार मसान्तसम्म १०४ जना आइसोलेशनमा बसेको विवरण प्राप्त भएको छ। उक्त क्वारेन्टिन र आइशोलेसन निर्माण तथा व्यवस्थापनको लागि पालिकाबाट प्राप्त आम्दानी खर्चको विवरण अनुसार क्रमशः रु.१०,२०,४३७/- र रु.३५,१८,७७९/- गरि जम्मा रु.४५,३९,२१६/- खर्च भएको देखिन्छ। पालिकाले क्वारेन्टिन/होल्डिङ्ग सेन्टर निर्माण तथा व्यवस्थापन र आइशोलेसन निर्माण तथा व्यवस्थापन गर्न आवश्यक सामग्रीहरुको आवश्यकताको पहिचान गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४५ अनुसार विशेष परिस्थितीमा गर्ने खरिद व्यवस्था अनुसार खरिद नगरि

कर्मचारी/पदाधिकारीहरुबाट सोझै खरिद गरेको अवस्था छ। नियमको पालना गरि व्यवस्थित तवरले खरिद गरि क्वारेन्टिन/होल्डिङ्ग सेन्टर र आइशोलेसन व्यवस्थापन गर्नुपर्दछ।

72. **राहत वितरण सम्बन्धमाः-**

पालिकाले गुजारा चलाउन नसक्ने वास्तविक राहत उपलब्ध गराउनु पर्ने परिवारको विवरण संकलन गरि आवश्यक पर्ने राहत सामग्रीहरुको विवरण तयार गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुसार खरिद गरि राहत वितरण गर्नुपर्नेमा पालिकाले कर्मचारी मार्फत सोझै विभिन्न आपूर्तिकर्ताहरुबाट खरिद गरि गो.भौ.नं.१०-०७७/१/४ मा रु.३,३७,७७३/- र गो.भौ.नं.३९-०७७/२/६ मा रु.४,२७,९८१/- गरि जम्मा रु.७,६५,७५४/-राहत वितरण गरेको छ। पालिकाले उपलब्ध गराएको विवरणहरु आम्दनी खर्चको विवरणमा राहत वितरण रु.८,५२,७८०/- र वडा अनुसार राहत सामग्री खरिद र वितरणको विवरणमा रु.६,०५,३८०/- उल्लेख गरिएको देखियो। गोश्वारा भौचरमा संलग्न विल भरपाई अनुसार रु.७,६५,७५४/- देखिन्छ भने पालिकाले तयार गरि उपलब्ध गराएको विवरणमा फरक-फरक उल्लेख गरिएको छ। अतः यकिन गरि वास्तविक विवरण तयार गरिनु पर्दछ।

73. **केश अनुसन्धान तथा कन्ट्रयाक्ट खोजपडतालः-**

पालिकाबाट प्राप्त विवरण अनुसार केश अनुसन्धान तथ खोज पडतालको लागि ५ जनाको १ टिम परिचालन गरि २९३ केश संख्या खोज पडताल गरी २२ जना पहिचान भएका संक्रमितहरुलाई क्वारेन्टिनमा राखिएको विवरण तथा जानकारी प्राप्त भएको छ।

74. **औषधी, स्वास्थ्य सामग्री एवं उपकरण खरिदः-**

पालिकाले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि तत्काल र पछि आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरण तथा सामग्रीहरुको आवश्यकता पहिचान गरि सो को विवरण तयार गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितीमा खरिद गर्ने व्यवस्था अनुसार खरिद नगरि पटक-पटक विभिन्न आपूर्तिकर्तासँग सोझै रु.१९,३८,३१७/-को औषधी एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद गरेको छ। पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद विधि अवलम्वन गर्न नसक्दा एउटै सामान फरक-फरक मूल्यमा खरिद भएको अवस्था छ। अतः पालिकाले आवश्यकताको पहिचान गरि सार्वजनिक खरिद ऐन नियमावलीमा व्यवस्था भए अनुसार विधी अवलम्वन गरिनु पर्दछ।

75. **दैनिक भताः-** पालिकाले मिति २०७७/१२/२७ मा आकस्मीक बैठक बसी कोभिड-१९ को कारण २४ सै घण्टा खटिनु भएकालाई दैनिक हाजिरीको आधारमा रु.३५०/- का दरले चैत्र देखि असार महिनासम्म उपलब्ध गराएको अवस्थामा दैनिक भता निम्न बमोजिम कर्मचारीहरुले बैशाख, जेठ र असारको दैनिक भता लिएको देखिएको हुदा खाजा भताको अलावा दैनिक भत्ता उपलब्ध गराएकोले दोहोरो खर्च वापत दैनिक भत्ता असुल हुनुपर्ने रु. १७१३६०

भौ.नं./मिति	कर्मचारीको नाम	दैनिक भता रकम
५८-०७७/३/४	शिव प्रसाद अर्याल	१०८००.००
९५-०७७/३/२९		१४०००.००
१०४-०७७/३/२९		८८००.००
११६-०७७/३/३१		२००००.००
	जम्मा रकम	**५३६००.००**
५८-०७७/३/४	महेश प्रसाद आचार्य	१५३६०.००
९५-०७७/३/२९		१४०००.००
१०४-०७७/३/२९		८८००.००
	जम्मा रकम	**३८१६०.००**
८६-०७७/३/१५	कुशभाखर पाण्डे	७२००.००
९५-०७७/३/२९		३६००.००
	जम्मा रकम	**१०८००.००**
९५-०७७/३/२९	किशोर तिमिल्सिना	१०८००.००
१०४-०७७/३/२९		३०००.००
	जम्मा रकम	**१३८००.००**

		९५-०७७/३/२९	सन्तोषी पाण्डे पराजुली	२७००.००		
		१०४-०७७/३/२९		३०००.००		
			जम्मा रकम	**५७००.००**		
		९९-०७७/३/२५	कृतिनिधी शर्मा	४९००.००		
		१००-०७७/३/२८	शुशिला सिंजाली	५४००.००		
		१०४-०७७/३/२९		५७००.००		
			जम्मा रकम	**१११००.००**		
		१०३-०७७/३/२९	केशर जंग कार्की	१०६५०.००		
		१०३-०७७/३/२९	फिरोज श्रेष्ठ	१०६५०.००		
		१०४-०७७/३/२९	चुनदेवी आले	९०००.००		
		१०४-०७७/३/२९	निर्मला गैरे	३०००.००		
			कुल जम्मा रकम	**१७१३६०.००**		

रम्भा गाउँपालिका
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७६/०७७

(रु. हजारमा)

क्र. सं.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौजदात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	रम्भा गाउँपालिका	पाल्पा	४३५७२	२९७१९८	४८७४४	९३६८	९३४५०	४९२३३२	२००८७७	१२४४८२	१२४४४६	४४९८०५	४२५२७

अनुसुची २

बेरुजु बर्गीकरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क .स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नपर्ने					पेश्की		
			सैद्धान्तिक	लग		सैद्धा	लगती		सैद्धान्ति	लगती			अनियमित भएको	प्रमाण कागजत पेश नभएको	राजस्व लगत जिम्मेवार नसारेको	सोधभर्ना नलिए को	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	पाल्पा	रम्भा गाउँपालिका	६२	२६	३८१२	०	०	०	६२	२६	३८१२८	३८३१	२२७४३	८५८१	०	०	३१३२४	०	२९७३	२९७३

अनुसुची-३

अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी
१	रम्भा गाउँपालिका	पाल्पा	७७२४७	५२२९९	२४९४८	०	३८१२८	६३०७६